मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन: ०४८-५४०११२

प.सं. कृषि-२०७८/७९

## अनुदानमा सञ्चालित कृषि कार्यक्रम सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७८/१२/०८

मन्थली नगरपालिकाबाट आ.व. २०७८/७९ मा तपशिल बमोजिमको कृषि कार्यक्रमहरु संचालन गरिने भएको हुदाँ यस कार्यालयमा दर्ता/सूचिकृत, अद्यावधिक भएका कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुलाई यो सूचना प्रकाशित भएको मितिले देहाय बमोजिमका कागजात सहित १५ दिन (मिति २०७८/१२/२२ गते) भित्र यस कार्यालयमा आवेदन पेश गर्नु हुन सूचित गरिन्छ ।

तपशिल

| क्र.सं. | कार्यक्रम | इकाई | परिमाण | अनुदानको विवरण |
|---|---|---|---|---|
| १ | व्यवसायिक फलफूल खेतीको लागि अनुदानमा बिरुवा वितरण | पटक | १ | कलमी र टिस्युकल्चर बिरुवामा ५०% अनुदान (बजेट रु. १ लाख ३० हजार) |
| २ | च्याउ उत्पादनमा सहयोग | पटक | १ | बीउ, पराल काट्ने मेशीन, प्लाष्टिक आदिमा ५०% अनुदान (बजेट रु. १ लाख) |
| ३ | बाँझो जग्गामा सामूहिक खेतीको लागि अनुदान | रोपनी | ८० | प्रति रोपनी रु. २०००।- |
| ४ | उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरणमा सहयोग (चिया, कफी, अलैंची, स्ट्रबेरी) | पटक | १ | ५०% अनुदान (बजेट रु. १ लाख) |

आवश्यक कागजातहरु:

७. कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
८. कृषक समूह, संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।
९. समूह/सहकारीको हकमा संस्थागत निर्णयको प्रतिलिपि ।
१०. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि ।
११. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लखित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
१२. फलफूल बिरुवा माग गर्दा न्यूनतम २ रोपनीको लागि (कलमी र टिस्युकल्चर बिरुवा मात्र) माग गर्नु पर्नेछ ।
१३. बाँझो जग्गामा सामूहिक खेतीको हकमा माथि उल्लेखित कागजातको साथमा कम्तिमा २ रोपनी क्षेत्रफल र जग्गा धनी पुर्जाको प्रतिलिपि, आंशिक वा पूर्ण रुपले बाँझो रहेको वडा कार्यालयको सिफारिस, न्यूनतम ५ वर्ष खेती गर्ने प्रतिवद्धता पत्र ।
१४. उच्च मूल्ययुक्त कृषि जन्य वस्तुको प्रवर्द्धन तथा बजारीकरण कार्यक्रमको हकमा माथि उल्लेखित कागजातको साथमा व्यवसायिक योजना ।

# थप जानकारीको लागि यस कार्यालयको कृषि विकास उपशाखा, कृषि सेवा केन्द्र वा ०४८-५४०११२ मा सम्पर्क गर्न सक्नुहुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. कृषि-२०७८/७९

## धान बालीको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७८/१२/०९

मन्थली नगरपालिकाबाट आ.व. २०७८/७९ को संघीय सशर्त तर्फको खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम अन्तर्गत धान बालीको उन्नत बीउ प्रयोगकर्ता कृषकलाई मूल्य अनुदान हुने व्यवस्था रहेकोले यस नगरपालिकाका सम्पूर्ण कृषकहरुले आफूलाई आवश्यक पर्ने बीउको तपसिलमा उल्लेखित जात र परिमाण खुलाई यो सूचना प्रकाशित भएको मितिले देहायका आवश्यक कागजात सहित १५ दिन (मिति २०७८/१२/२३ गते) भित्र सम्बन्धित वडा कार्यालय, कृषि सेवा केन्द्र र यस कार्यालयमा आवेदन पेश गर्नु हुन सूचित गरिन्छ ।

तपसिल

| क्र.सं. | बालीको नाम | धान बालीका जातहरु | अनुदानको विवरण |
|---|---|---|---|
| १ | धान | स्वर्ण सब-१, मकवानपुर -१, हर्दिनाथ-३, सावित्री, सुख्खा धान-१, सुख्खा धान-३, सुख्खा धान-६, सेहराङ सब-१, सावाँ मन्सुली सब-१ | बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ दफा १० बमोजिम ५० प्रतिशत |

आवश्यक कागजातहरुः

१. कार्यक्रम माग गर्ने सम्बन्धी नगरपालिकाले तयार गरेको ढाचा बमोजिमको निवेदन र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

२. धान बाली लगाउने खेतको जग्गाधनी पूर्जाको प्रतिलिपि ।

३. कृषक समूह, संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।

४. समूह/सहकारीको हकमा एकमुष्ट माग विवरण र संस्थागत निर्णयको प्रतिलिपि ।

५. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि ।

६. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लखित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

# थप जानकारीको लागि यस कार्यालयको कृषि विकास उपशाखा, कृषि सेवा केन्द्र वा ०४८-५४०११२ मा सम्पर्क गर्न सक्नुहुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
मन्थली नगरपालिका, रामेछाप ।

मितिः २०७८/१२/..

विषयः धानको उन्नत बीउ उपलब्ध गराई दिनु हुन ।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७८/१२/०९ गते मन्थली नगरपालिकाद्वारा प्रकाशित धान बालीको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना बमोजिम ................. रोपनी खेतको लागि तपसिल बमोजिमको धानको बीउ आवश्यक परेको हुँदा नियमानुसार ५०% अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

तपसिलः

| क.सं. | धानको जात | परिमाण (किलोग्राम) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| जम्मा | | |

निवेदकः
नामः ........................
ठेगानाः ......................

फर्म/समूह/सहकारीको नाम र छाप (संस्थामा संलग्न भएमा): ....................................

सम्पर्क नम्बरः ...............................

<u>सम्बन्धित कृषि सेवा केन्द्रको प्राविधिकले भर्ने</u>

१. बीउको जात र परिमाण आवश्यक हुनुको कारणः

२. स्थलगत प्रतिवेदनः